# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

मिति: २०८३/०६/०७

**विषय: बाढी, डुबान तथा भारी वर्षा सम्बन्धी अत्यन्त जरुरी सूचना:**

जलवायु तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान शाखाका अनुसार आगामी अश्विन ९ गतेदेखि ११ गतेसम्म लुम्बिनी प्रदेशमा अत्यधिक भारी वर्षा हुन सक्ने सम्भावना रहेको र भारी वर्षाका कारण यस बाणगंगा नगरपालिका क्षेत्रभित्र बग्ने बाणगंगा खोला, घिरी खोला र कोईली खोलामा जलस्तर खतराको तहभन्दा माथि जान सक्ने र तटीय क्षेत्रहरू लगायत होचा भू-भागहरू डुबानबाट गम्भीर रूपमा प्रभावित हुन सक्ने उच्च जोखिम देखिएकोले सम्भावित विपदबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र सुरक्षित रहनका लागि नगर स्तरीय विपद व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम बाणगंगा, घिरी र कोईली खोला आसपासका तटीय क्षेत्र तथा डुबानको जोखिम रहेका वडाका बासिन्दाहरूले आगामी तीन दिन (अश्विन ९-११) सम्म विशेष चनाखो भई उच्च सतर्कता अपनाउनु हुन, बाढी वा डुबानको संकेत पाउनासाथ तुरुन्तै सुरक्षित स्थान, अग्लो भू-भाग वा तोकिएका आश्रयस्थलहरूमा सर्ने तयारी अवस्थामा रहनु हुन, आफ्नो साथमा अत्यावश्यक कागजात, सुख्खा खानेकुरा, पिउने पानी र टर्चलाइट जस्ता सामग्रीहरू तयारी अवस्थामा राख्नु हुन, सम्भावित आपतकालीन अवस्थामा उद्धार, राहत र पूर्वतयारीका कार्यमा स्थानीय युवा क्लब, टोल विकास संस्था, नागरिक समाज र राजनीतिक दलहरूलाई सुरक्षा निकाय र नगरपालिकासँग आवश्यक समन्वय गरी एकजुट हुन र बाढी वा डुबानको जोखिम वा कुनै पनि भवितव्य परेमा तुरुन्तै आ-आफ्नो वडाका जनप्रतिनिधि, टोल विकास समिति वा तल उल्लेखित आपतकालीन सम्पर्क नम्बरहरूमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

आपतकालीन सम्पर्क नम्बरहरू:

- नगरपालिका आकस्मिक नियन्त्रण कक्ष: ९८४९२०८४७५
- नेपाल प्रहरी र इलाका प्रहरी कार्यालय, पिपरा/बाणगंगा: १०० , ९८५७०९०२७५, ९८५७०९०२७६
- सशस्त्र प्रहरी बल: १११४, १२३४, ९८५७०७४२७१, ९८५७०७३२६२
- नगर प्रमुख / संयोजक: ९८५७०५०९३१
- अन्य नम्बरहरु: ९८५७०८७१११, ९८४७१९२२८४, ९८५७०५०५८८, ९८५७०५००८५, ९८५७०५१०९४

विपदको घडीमा सचेत बनौं, सुरक्षित रहौं र विपद पूर्व तयारीमा एकजुट होऔं ।

..........................
चक्रपाणि अर्याल
नगर प्रमुख

चक्रपाणी अर्याल
नगर प्रमुख